नेपाल खीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 2 Monthly International Edition of Herald of His Coming February 2018

वर्ष १९, अङ्क २ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (फागुन, २०७४)

परमेश्वरको बचाउने हृदय र शक्ति

The Lord's Heart and Power to Save

By Rich Carmicheal

Vol 76 No 718 (907-908)

हेराल्डका सम्पूर्ण समूहको मुख्य उद्देश्य भनेको मानिसले परमेश्वरको वचन सुनुन् र उहाँमा बचाइउन् भन्ने हो । त्यसैले यो पत्रकाबाट प्रचार गर्न र सजिलोसँग परमेश्वरको सत्यवचन बुझ्न सकुन् भनेर तपाईंहरूलाई बाइबलतिर उत्प्रेरित गर्दैछु ।

परमेश्वरले सबै मानिस बचाइको चाहनुहुन्छ । सबैभन्दा महत्वपूर्ण परमेश्वरको इच्छाचाहिँ त्यो हो कि सम्पूर्ण मानिस जाति परमेश्वरलाई ग्रहण गरुन् र बचाइउन् भन्ने हो साथै सबैले मुक्तिलाई ग्रहण गरुन् भन्ने हो । प्रेरित पावलले भन्दछन् "हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ, सबै मानिसहरूले मुक्ति पाउन र तिनीहरू सत्यको ज्ञानमा आउन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ ।" (१ तिमोथी ३ : ३ - ४) प्रेरित पत्रुसले पनि यसरी भन्दछन्, "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसैकसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस् तर सबै जनताले पश्चाताप गरुन् भन्ने इच्छा गरेर पभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ ।" (२ पत्रुस ३ : ९)

खीष्टले आफ्नो तीन वर्षको कार्यकालको समयमा हामीलाई यो थाहा हुन्छ कि सम्भव भएसम्म उहाँले सम्पूर्ण मानिसलाई शिक्षा दिनुभयो । उहाँ हराएकालाई बचाउन आउनुभयो (लूका १९ : १०) र उहाँले आफ्नो जीवन हाम्रो छुटकाराको निम्ति अर्पण गर्नुभयो (मत्ती २० : २८) उहाँ एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्न र सुसमाचार सुनाउन मन पराउनुभयो (मर्कूश १ : ३८) उहाँले पापीहरूसँग समय बिताउनुभयो र परमेश्वरको प्रेमको बारेमा बताउनुभयो र क्षमा दिनुभयो । उहाँले एकजना पापीले पश्चाताप गरेर परमेश्वरतिर फर्कन्छ भने स्वर्गमा पिता कति धेरै खुसी हुनुहुन्छ भन्ने बारेमा सिकाउनुभयो (लूका १५ : ७, १०) र आफ्नै सेवाकार्यको समयमा आफ्ना चेलाहरूलाई भन्नुभयो, 'जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ । सबै आज्ञापालन गर्न सिकाओ म तिमीहरूको साथमा रहनेछु भन्नुभयो (मत्ती २८ : १९ - २०)

यो कुराले हामीलाई स्पष्ट पार्दछ कि परमेश्वरको इच्छा सबै मानिसले मुक्ति पाउन् भन्ने हो । उहाँले हाम्रो सबै सदस्यले मुक्ति पाएको चाहनुहुन्छ र सबै साथी सबै सहकर्मी सबै सहरका मानिसले मुक्ति पाउन् भन्ने चाहना गर्नुहुन्छ । सबै देशका मानिस र सम्पूर्ण संसारभरका मानिसले मुक्ति पाउन् भन्ने चाहना राख्नुहुन्छ । उहाँले कहीं पनि श्रापित भएको चाहनु हुँदैन ।

परमेश्वरले असम्भवलाई सम्भव पार्नुहुन्छ- येशूले आफ्ना चेलाहरूसँग कुराकानी गर्दागर्दै भन्नुभयो कि धनी मानिसलाई स्वर्गको राज्यमा प्रवेश गर्नुभन्दा त ऊँटलाई सियोको नाथ्रीबाट

छिर्न सजिलो हुन्छ । तब चेलाले भने यो सम्भव छ गुरु ? येशूले भन्नुभयो, "मानिसको लागि यो असम्भव छ, तर परमेश्वरको लागि सबै कुरा सम्भव छ ।' (मत्ती १९ : २६) अर्को कुरा परमेश्वरले मानिसको मुक्तिको बारेमा पनि असम्भवलाई सम्भव बनाउनुहुन्छ । तपाईंलाई थाहा हुनुपर्छ कि कसैलाई मुक्तिको अति नै खाँचो भएको छ र त्यो मुक्ति पाउन पश्चाताप गर्नु आवश्यक छ । तर कसैलाई पश्चाताप खाँचो छैन भन्ने सोचाइ पनि हुनसक्छ तरै पनि परमेश्वरमा पश्चाताप नै आशा हो मानिदिनुपर्छ । परमेश्वरमा असम्भव पनि सम्म हुन्छ भन्ने आफ्नो मनमा सोच्नुहोस् । बाइबलमा बचाइएको धेरै हुन्छन् तर चुनिएका थोरै हुन्छन् भन्ने कुरा याद गर्नुहोस् । जस्तै निकोदेमस, कर उठाउने व्यक्ति, मण्डली, दुःख दिने साउल नाम व्यक्ति र व्यभिचारिणी सामरी स्त्री, धनी मान्छे जसको नाम जोसेफ थियो, व्यापारी स्त्री लिडिया, क्रूसमा टाँगिएको चोर, मूर्ति पूजकहरू (१ थिस्लोनिकी १ : ९) समाजबाट त्यागिएका मानिसहरू (प्रेरित १९ : १९) र फिलिप्पीको जेलको मुख्य मान्छे (प्रेरित १६ : २७ - ३४) किनकि परमेश्वर बचाउन सक्ने क्षमताको कारण हामीले मानिसलाई उहाँलाई डोऱ्याउन सक्छौं । पावलले अग्रिमा राजासँग कसरी कुराकानी गरे । हामी पूर्ण मूर्तिपुजकहरूलाई पनि ख्रीष्टमा आशा राख्न सक्छौं । अग्रिपसले पावलसँग के तिमी मलाई छोटो समयमा ख्रीष्टियन बनाउन सक्छौ ? पावलले भने, 'थोरै समाजमा होस् कि घरमै यी साइलाहरू छोडेर हजुर मात्र होइन तर आज मेरो कुरा सुनेजति सबै म जस्तै होओस् भनी म परमेश्वरमा प्रार्थना गर्दछु ।' (प्रेरित २६ : २८ - २९)

प्रार्थना महत्वपूर्ण छ - सुसमाचारको कार्यमा प्रार्थना नभई नहुने आवश्यक तत्व हो । उदाहरणको निम्ति येशूले आफ्ना चेलाहरूलाई उत्साहको निम्ति यसको भन्नुभयो, "यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिउन् ।" (मत्ती ९ : ३८) प्रेरित पावलले पनि थिस्लोनियनहरूसँग प्रार्थनाको आग्रह गरेका थिए "अन्त्यमा भाइ हो, हाम्रा निम्ति प्रार्थना गर, ताकि प्रभुको वचन शिघ्रता साथ फैलियोस् र विजयी होस् जसरी तिमीहरूका माझमा भएको पनि थियो ।" (२ थिस्लोनिकी ३ : १) उनले कलस्सीका मानिसलाई पनि प्रार्थनाको अनुरोध गरेका थिए, "हाम्रा निम्ति पनि प्रार्थना गर ताकि ख्रीष्टको त्यो रहस्य प्रचार गर्नलाई परमेश्वरले हामीलाई वचनको निम्ति एउटा ढोका खोलिदिउन् । जसको निम्ति म थुनामा परेको छु र मैले बोल्नुपर्ने वचन खुलस्त पार्न सकूँ ।" (कलस्सी ३ : ३ - ४) पावलले फेरि बिन्ती गर्दछन्, "सर्वप्रथम म आग्रह गर्दछु कि, सबै मानिसहरूका निम्ति नम्र निवेदन, प्रार्थना र मध्यस्थ बिन्ती र धन्यवाद चढाउन, राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हर प्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं । हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ । सबै मानिसहरूले मुक्ति पाउन र तिनीहरू सत्यको ज्ञानमा आउन् भन्ने उहाँ इच्छा गर्नुहुन्छ ।" (१ तिमोथी २ : १)

परमेश्वर मात्र मानिसको हृदय खोल्न चाहनुहुन्छ र सक्नुहुन्छ त्यसैले हामी लगातार उहाँसँग मागिरहनुपर्छ कि उहाँले हाम्रो जीवनमा नै प्रार्थनाको असर देखिन सकोस् ताकि हामी सुसमाचार ती मानिसलाई सजिलै दिन सकौं र ख्रीष्टको शान्तिमा उनीहरू आउन सकुन् । जसरी येशूले आफ्ना चेलालाई भन्नुभयो, "मलाई पठाउनुहुने पिताले बोलाउनु भएन भने कोही मकहाँ आउन सक्दैन र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु ।" (यूहन्ना ६ : ४४)

हामीले परमेश्वरको आत्माले अचम्मको काम गर्न सकोस् भनेर प्रार्थना गर्नुपर्छ ताकि जोहरू हराएका छन् उहाँमा आउन सकोस् जसरी हामीले अरूको निम्ति प्रार्थना गर्दछौं त्यसरी नै हामीले हराएकाहरूको निम्ति पनि प्रार्थना गर्नुपर्छ । यस्तो प्रकारको प्रार्थना परमेश्वरले सुन्नुहुन्छ र मानिसलाई बचाउनुहुन्छ । अर्को कुरा हामीलाई थाहा छ कि परमेश्वरले सबैलाई बचाउनु सम्भव छ ।

परमेश्वरको हाम्रो जीवनबाट काम गर्नुहुन्छ- परमेश्वरको वचनले पनि यो भन्दछ कि, हाम्रो जीवनले अरूलाई पवित्र आत्मामा ख्रीष्टमा जित्न सकिन्छ । उदाहरणको लागि लागि हाम्रो ईश्वरीय बानीबेहोराले अरू मानिसलाई परमेश्वरकहाँ ल्याउन सकिन्छ । पावलले तीतसमा यसरी भन्दछन्, "कमराहरूलाई पनि आफ्नो आफ्नो मालिकको वशमा रहीकन, हरेक कुरामा आफ्ना मालिकलाई सन्तुष्ट तुल्याउने आदेश देऊ र तिनीहरू

मुख लाग्ने नहोओस् । तिनीहरूले चोरी नगरुन् तर पूर्णरूपमा विश्वासयोग्य होउन् । यसरी हरेक कुरामा तिनीहरू हाम्रा मुक्तिदाता परमेश्वरको धार्मिक सिद्धान्तको सीमा बढाउन् ।" (तीतस २ : ९ - १०) हजारौँ मानिसलाई हाम्रो घरमा श्रीमान्-श्रीमतीबीचको असल सम्बन्धले पनि उनीहरूको जीवन परिवर्तन हुनसक्छ । (१ पत्रुस ३ : १ - २) र साथै विश्वास सुनुवाइबाट आउँछ (रोमी १० : १७) जब हामीले सुसमाचार प्रचार गर्दछौँ प्रभुले हाम्रा शब्दहरूलाई सुन्नुभएको होस् । हाम्रो वचन परमेश्वरको अनुग्रह भएको हो । अर्को कुरा नुनले खानालाई स्वादिलो पारेजस्तै हाम्रो बोलीवचनमा सधैँ कृपा होस् र सबै मानिसलाई कसरी जवाफ दिनुपर्ने सबै ठीक समयमा ठीक जवाफ दिनलाई सबै जानिराख । (कलस्सी ४ : ६) हामी सधैँ मानिसहरूले सोधेको प्रश्नको उत्तर दिनलाई तयार बसिरहनुपर्छ । (१ पत्रुस ३ : १५) परमेश्वरले हामीद्वारा काम गर्नुहुन्छ ।

परमेश्वरसँग सँगसँगै हिँड्नु - पावलले कोरिन्थीको पुस्तकमा यसरी भन्दछन्, "किनभने उहाँ भन्नुहुन्छ, ग्रहणयोग्य समयमा मैले तिम्रो पुकारा सुनेँ, र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरेँ । हेर ग्रहणयोग्य समय अहिले हो मुक्तिको दिन अहिले हो ।" (२ कोरिन्थी ६ : २) प्रभुले हाम्रो जीवनाबाट र हाम्रो प्रार्थनाद्वारा अरूलाई उहाँकहाँ ल्याउनलाई हामीभित्र काम गर्न आतुर हुनुहुन्छ । हामीले उहाँलाई हाम्रो जीवनमा काम गर्न दिनुपर्छ ।

प्रत्येक ख्रीष्टियनलाई बाइबलीय प्रचार गर्नैपर्ने कारण

Biblical Reasons for Every Christian to Evanglize

By Alan Furts

Vol 76 No 718 (907-908)

प्रचार प्रसार कति महत्वपूर्ण छ ? यसको अर्थ बुन्ने र गर्ने केही ख्रीष्टियन मात्र को हो र ? के यो सेवक, पास्टर र प्रचारकको मात्र काम हो त ? किन मानिस आफ्नो जीवनशैलीबाट परिवर्तन हुन चाहन्छन् र विश्वास गर्दछन् ? लामो समय विश्वास गरेपछि र लामो समय मेसनरीको काम गरेपछि एकदिन म बसेर प्रचार प्रसार गर्नु बाइबलीय कारण के हो त भनेर खोजी गरे यो नै यसको नतिजा पत्ता लगाए ।

१. हराउने डर भएको कारण - लूका १५ अध्यायमा हामीले तीनवटा दृष्टान्तहरू पाउँदछौँ । जस्तै हराएको सिक्का, हराएको भेडा र उडन्त पुत्र । थाहा छ येशूले पापीहरू पश्चाताप गरेर आफ्नो ठीक बाटोमा ल्याउने विचार हो । तर तेस्रो दृष्टान्तचाहिँ अझै त्यसै होइन त्यसमा भित्र हेर्‍यौँ भने शब्द हराएको दुई चोटि येशूले दोहोर्‍याउनुभयो "ऊ मरेको थियो, बाँच्यो, ऊ हराएको थियो, अहिले भेटिएको छ" भरिएको र हराइएको उक्तिकै महत्वपूर्ण छ । यही शब्दलाई नयाँ करारमा विभिन्न प्रकारले प्रयोग गरिएको छ । लूका १९ : १० ले भन्दछ "किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो" यूहन्ना ३ : १६ मा पनि यसरी भनिएको छ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि, उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो ताकि उहाँ माथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाउनोस् ।"

ग्रिकमा यो हराएको शब्दको अर्थलाई दुई प्रकारका शब्दलाई यसरी एकै बनाएको छ । पहिलो "हराएको" पहिलो चाहिँ टाढा हुन् । अथवा ऊ कसैसँग नजिक थियो, अब टाढा भएको छ । दोस्रो चाहिँ विनास हुनु त्यो नै हराएको अर्थ हो ।

जसले ख्रीष्टलाई पछ्याएका हुँदैन, मलाई थाहा छ, तिनीहरूको आत्मा हराएको हुन्छ ।

२. अनन्तताको निश्चयता - येशूले मत्तीको सुसमाचारमा भन्नुभयो, "स्वर्ग र पृथ्वी बितेर जानेछ तर मेरो वचन बितेर जानेछैन (मत्ती २४ : ३५) परमेश्वर अनन्तको परमेश्वर हुनुहुन्छ र यो वचनले अनन्तताको चिन्ह हो । दानिएलमा पनि केही अनन्तताको बारेमा पाउँदछौँ "त्यस समयमा तिम्रा

नियमित बाइबल पढ्ने बानी बसालौँ

मानिसहरूलाई रक्षा प्रधान राजकुमार मिखाएल देखापर्ने छन् । यस्तो सङ्कटको समय आउने छ कि जातिहरू सुरु भएदेखि त्यसबेलासम्म यस्तो कहिल्यै भएको छैन तर त्यसबेला तिम्रा मानिसहरू जीवनका पुस्तकमा नाम लेखिएका सबै बचाइने छन् । पृथ्वीको धुलोमा सुतेका भिडहरू उठ्नेछन् केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि, बुद्धिमानहरू आकाशको चमकझैँ र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरूचाहिँ ताराहरूजस्तै सदासर्वदा चम्किरहनेछन् ।" (दानिएल १२ : १ - ३) यी शब्दहरूलाई हेर्दा तीनवटा कुरालाई केलाउन सकिन्छ जसले हाम्रो वास्ता गर्दछ (१) सबै मानिसहरू सदाको लागि जानेछन् (२) सबै मानिसले पुनरुत्थानको अनुभव गर्नेछन् (३) सबै मानिस सुरुमा चम्कने छन् र सबैले कहिल्यै नाश नहुने जीवनको अनुभव गर्नेछन् ।

३. नरकको डरको कारणले - यो एउटा हलिउडको दर्शन वा चलचित्रजस्तो होइन त्यो त पवित्र आत्माको दर्शन हो । पावलले थिस्लोनिकीको पुस्तकमा यसरी भन्दछन्, "परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ । तिनीहरूले अनन्त विनासको दण्ड तथा प्रभुको उपस्थिति र उहाँको शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन् ।" (२ थिस्लोनिकी १ : ८-९) प्रकाशको पुस्तकले पनि यस चेतावनीलाई जोड दिन्छ । "तिनीहरूका यातनाको धुँवा सदासर्वदा मास्तिर गइरहनेछ । तिनीहरू यिनै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्दछन् र त्यसका नाउँको छाप लिन्छन् तिनीहरू दिनरात कहिल्यै पनि आरा मगर्न पाउने छैनन् ।" (प्रकाश १४ : ११) र "तिनीहरूलाई बहकाउने त्यो दियावलस आगो र गन्धकको कुण्डमा फालियो जहाँ त्यो पशु र झुटो अगमवक्ता पनि थिए । त्यहाँ तिनीहरूले दिनरात सदासर्वदा यातना भोग्नेछन् । मृत्यु र पातल अग्नि कुण्डमा फालिए यो अग्नि कुण्ड दोस्रो मृत्यु हो । जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि कुण्डमा फालियो ।" (प्रकाश २० : १०, १४-१५)

यी पदहरूले स्पष्टसँग भन्दछ कि जसले पश्चाताप गर्दैन, तिनीहरूलाई येशूले भन्नुभयो, "तिमीहरूले पश्चाताप गरेनौ भने तिमीहरू सबै यसरी नै नाश हुनेछौ ।" (लूका १३ : ५) यी शब्दहरू येशू ख्रीष्टका शब्द हुन् जसले विश्वास नगर्नेहरू र पश्चाताप नगर्नेहरूको बारेमा बोल्दछ । यशैयाले आफ्नो पुस्तकको अन्तमा यसो भन्दछन्, "अनि तिनीहरूले निस्केर मेरो विरुद्धमा बागी हुने मानिसहरूका मृत शरीरहरूलाई हेर्नेछन्, तिनीहरूका कीरा मर्ने छैनन्, तिनीहरूको आगो निभ्ने छैन र तिनीहरू सबै मानिस जातिका निम्ती घृणित हुनेछन्" (यशैया ६६ : २४)

४. येशूको विशेषता भएको कारण- धेरै मानिसहरूले भन्ने गर्दछन् कि तपाईंको असल कामले तपाईं स्वर्ग जान सक्नुहुन्छ । तर परमेश्वरले यसको बारेमा केही भन्न चाहनुहुन्छ "म, हो, म नै परमप्रभु हुँ म बाहेक अरू कोही मुक्तिदाता छैन" (यशैया ४३ : ११) येशूले बताउनुभयो, "बाटो सत्य र जीवन मनै हुँ मद्वारा बाहेक कोही पनि पिता कहाँ आउन सक्दैन ।" (यूहन्ना १४ : ६) प्रेरित पावलले जोडसँग भन्दछन् कि,

"अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गको मुनि मानिसहरूमा अर्को कुनै नाउँ दिएको छैन ।" (प्रेरित ४ : १२) फेरि पनि पावलले भन्दछन् "किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूको बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ- मानिस येशू ख्रीष्ट ।" (१ तिमोथी २ : ५)

यदि हामीले यी शब्दहरूलाई विश्वास गर्दछौं भने, मानिसको मृत्युपछि विश्वास गर्ने मानिस कहाँ जान्छ र विश्वास नगर्ने मान्छे कहाँ जान्छ भन्ने बारेमा कुनै प्रश्न हुँदैन । त्यसैले अब हामी हाम्रो छिमेकीहरूप्रति हाम्रो उत्तरदायित्व कति छ भन्ने हामीले याद गर्नुपर्ने हुन्छ र बाइबलले हामीलाई के भन्दछ भन्ने बारेमा पनि हामीले ठूलो ख्याल गर्नु पर्छ । स्वर्गको बाटो एक मात्र हुनुहुन्छ ।

५. येशूको प्रेमले करमा पारेको कारणले- पावलले पहिलो कोरिन्थी १३ अध्यायमा प्रेमको बारेमा व्याख्या गरेको पाउँदछौं । त्यहाँ पावलले धेरै कुरा भनेका छन्, त्यसमध्ये प्रेमले आफैलाई मात्र हेर्दैन भनेका छन् । त्यसको अर्थ अलौकिक प्रेमको बारेमा उनले भनेको म बुझ्दछु । यसले सधैं अरूको हितको कुरा सोचेको हुन्छ । यस्तो उच्च प्रकारको प्रेमलाई ख्रीष्टको प्रेम भन्ने बुझ्न सकिन्छ । परमेश्वरले कसैले पनि एक अर्कालाई बाधा पुऱ्याउने काम भएको नहोस् भन्ने

चाहनुहुन्छ । एक अर्कामा फुटेर होइन, जुटेर एकतामा रहेर उहाँको महिमा भएको होस् भन्ने उहाँको चाहना छ । पावलले यस प्रकारको प्रेमलाई बताउँदछन्, "खीष्टको प्रेमले हामीलाई बाध्य बनाउँदछ । किनभने हामीलाई यो निश्चय छ कि सबैका निम्ति एकजना मर्नु भएको हुनाले सबै मरे । उहाँ सबैका निम्ति मर्नु भयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचुन् जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।" (२ कोरिन्थी ५ : १४ - १५)

यदि हामीले अरूलाई प्रेम गर्दछौं भनेर भन्छौ भने हामीले हराएकाहरूको खोजी गरौं । प्रेरित यूहन्नाले परमेश्वरको प्रेमको बारेमा यो बताउँदछन् कि, "हामीले जे देखेका र सुनेका छौं, सो हामी तिमीहरूलाई सुनाउँदछौं, ताकि हामीहरूसँग तिमीहरूको सङ्गति होस् । हाम्रो सङ्गति, पिता र उहाँको पुत्र येशू खीष्टसँग छ ।" (१ यूहन्ना १ : ३) यदि हामीले प्रेम गर्दछु भन्दछौं भने हामीले एक अर्कासँग सङ्गति गर्नु पर्छ एक अर्कालाई उत्साह दिनुपर्छ, हौसला दिनुपर्छ । यसले हामीलाई के देखाउँदछ भने परमेश्वरले हामीलाई अचम्मको प्रेम गर्नुभयो र उहाँमा विश्वास गर्ने कहिल्यै नाश हुनेछैन, त्यस्तै हामीले पनि एक अर्कामा प्रेम गर्नु पर्छ र मानिसलाइ उहाँको सुसमाचार दिएर नाश हुन दिनु हुँदैन ।

६. उहाँ फेरि आउनेछ भन्ने प्रतिज्ञाको कारणले - प्रेरित १ अध्यायमा पावलले यसरी भन्दछन् "तिनीहरूले भने गाल्लीका मानिस हो, तिमीहरू किन आकाशतिर हेरेर उभिरहेका छौ ? यही येशू जो तिमीहरूबाट जो स्वर्गमा लागिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्ग जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ ।" (प्रेरित १ : ११) फेरि पावलले १ थेस्लोनिकीका मानिसलाई यसरी सम्झाउदछन्, "र, तिमीहरू कष्ट पाएकाहरूलाई हामीहरूसँग आराम दिनुहुन्छ । यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ ।" (२ थेस्लोनिकी १ : ७) पक्कै पनि येशू छिट्टै आउँदै हुनुहुन्छ । जब खीष्ट आउनु हुनेछ, तब हामीसँग कुनै प्रचार गर्ने समय हुने छैन, त्यसैले अहिले समय हुँदा नै सुसमाचार सुनाओ ।

पावलले पत्रुसलाई यसरी लेख्दछन् कि, "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नु हुँदैन तर कोही पनि नष्ट नहोस् तर सबैजनाले पश्चाताप गरुन् भन्ने इच्छा गरेर प्रमु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ । तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ जसमा आकाशचाहिँ ठूलो आवाजको साथ बिती जानेछ, तत्वहरू आगोको रापले पग्लिनेछन् र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन् ।" (२ पत्रुस ३ : ९ - १०) यस्तो प्रकारको ज्ञानले हामीलाई परमेश्वरको घरमा वा राज्यमा मानिसहरूको चल्ने तरिकाभन्दा भिन्दै प्रकारले आशिष दिनुहुन्छ, त्यसैले खीष्टको दोस्रो आगमनको निम्ति हामी तयारी बसौं र अरूलाई पनि सचेत गराऔं किनकि उहाँ एकदिन अवश्य आउनु हुनेछ ।

७. सबै मानिस उत्तरदायी हुनुपर्ने कारणले- परमेश्वरको धर्मशास्त्र, २ कोरिन्थीमा पावलले यसरी भन्दछन्, "किनकि हामी सबै खीष्टको न्याय आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछन् ।" (२ कोरिन्थी ५ : १०) ४ र ५ अध्यायको बारेमा भन्दा पावलको प्रचार अचम्म प्रकारको छ उनले खीष्टको प्रचारको लागि आफूलाई दास बनाउँदछन् (४ : ५) उनले यो पनि भन्दछन् कि हामी दृश्य कुरा त क्षणिक हुन्छन् तर अदृश्य कुरामा ध्यान लगाओ (४ : १८) सुसमचार प्रचार गर्दा पाइने दुःखलाई उनले उपचार जस्तै लिन्छन् । खीष्टियनहरू खीष्टका राजदूतहरू हुन्, त्यसले उनीहरूले आफ्नो कर्तव्य पूरा गर्दै खीष्टलाई पच्छाउनु पर्छ ।

पावलले रोमी १० : १४-१५ मा मण्डलीलाई प्रश्न सोध्दछन् कि, "तर जसले विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन्, उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? र, प्रचारक विना तिनीहरूले कसरी सुन्ने ? र, कसैले नपठाईकन मानिसहरूले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ, सुसमाचार प्रचार गर्नेका पाउ कति सुन्दर !" (रोमी १० : १४-१५) पक्कै पनि यसको उत्तर तिनीहरू गर्न सक्दैनन् तिनीहरू गर्न सक्दैनन् भन्ने आउँछ । यसको उत्तरदायित्व मण्डलीका खीष्टका सिपाहीहरूमाथि जान्छ । एउटा मण्डलीको सदस्यको नाताले हामी सबैको बराबरी उत्तरदायित्व हुन्छ । के तपाईं यसको लेखा

दिन तयार हुनुहुन्छ ?

७. महान् आज्ञाको कारण - मत्ती २८ : १८-२० मा हामीले पढ्दछौं, यो पुस्तकको अन्त्यमा लेखिएको असल शब्दहरू मात्र होइनन्, एफिसीको पुस्तकमा पनि महान आज्ञाको बारेमा लेखिएको पाउँदछौ यो ध्रुवसत्य कुरा हो ।

यो महान् आज्ञा मण्डलीलाई दिइएको हो । "म तिमीहरूलाई स्वर्गको राज्यको साँचोहरू दिनेछु । जो तिमीले पृथ्वीमा बाँध्नेछौं । त्यो स्वर्गमा बाँधिनेछ र जो तिमीले पृथ्वीमा फुकाउला त्यो स्वर्गमा फुकाइनेछ" (मत्ती १६ : १९) "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारहरूका माझमा प्रकट गरियोस् ।" (एफिसी ३ : १०) कुनै किसिमको शङ्का नगरी कसरी एउटा मानिसले खीष्टमा रहेर उहाँको राज्यको साँचो हात पार्न सक्छ, त्यो विश्वासद्वारा नै हो, उसको असल विश्वासले खीष्टलाई खुसी पार्न सक्छ र खीष्टबाटको स्वर्गीय साँचो हात लगाउन सक्छ । के तपाईंले यो गर्नु भएको छ ?

यो लेखलाई पढेर मलाई आशा छ कि तपाईंहरूले किन प्रत्येक खीष्टियनले प्रचार गर्नु बाइबलीय आज्ञा हो भन्ने कुरा बुझ्नु हुनेछ र आफ्नो उत्तरदायित्व के हो त्यसमा तपाईंहरू लगातार लागिपर्नु हुनेछ भन्ने मैले पूर्ण विश्वास र आशा राखेको छु ।

Reprinted from an earlier Herald used by permission.

नेपालको निम्ति प्रार्थना
Pray for Nepal

सुरक्षाको निम्ति

नेपालको निम्ति प्रार्थना गर्दा परमेश्वरको सुरक्षा आओस् र नेपालमा काम गर्ने कर्मचारीहरूले सही ज्ञान पाउन, शारीरिक र आत्मिक सुरक्षाको अनुभूति गर्न सकुन् भनी प्रार्थना गरौं । भजनसङ्ग्रहको पुस्तकले यसरी भन्दछ, "यसकारण हरेक भक्तजनले जबसम्म तपाईंलाई प्राप्त गर्न सकिन्छ, तपाईंमा प्रार्थना गरोस् अनि दुःखकष्ट र उर्लेको भेलले त्यसलाई हुने छैन । तपाईं मेरो आश्रय हुनुहुन्छ, तपाईंले मलाई दुःखबाट रक्षा गर्नुहुन्छ । तपाईंले मलाई उद्धारका गीतले हेर्नुहुन्छ ।" (भजनसङ्ग्रह ३२ : ६-७) यसरी नै हाम्रो देशको उच्च पदाधिकारीहरूको निम्ति प्रार्थना गरौं ।

परमेश्वरको उपस्थितिको निम्ति

परमेश्वरको उपस्थितिभन्दा देशका कुनै पनि उच्च पदाधिकारीहरू ठूला हुँदैनन् । हाम्रा विश्वासीहरू सरकारी मानिसको डर मान्छन् तर परमेश्वरदेखि टाढा भएका हुन्छन् । परमेश्वर जसको आराधनाको जीवन छ, त्यहाँ उपस्थित हुनुहुन्छ । परमेश्वरको उपस्थितिले मानिसको जीवनमा आउने सबै खाँचोहरूमा परिवर्तन ल्याउँछ र पूरा गर्छ । व्यक्तिगत मात्र होइन, सम्पूर्ण राष्ट्रकै निम्ति, संस्कृतिकै निम्ति यो पूरा हुन्छ । त्यसकारण, परमेश्वरको उपस्थितिलाई स्वागत गर्नुहोस्, जसले सरकारको हृदयको ढोकाहरू खोल्न सकोस् । उहाँको उपस्थिति प्रत्येक समाजमा हुन सकेको होस् । लेबीको पुस्तकले यसरी भन्दछ, "तिमीहरूलाई घृणा नगरी म तिमीहरूकै बीचमा बास गर्नेछु । म तिमीहरूका बीचमा हिँडडुल गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु अनि तिमीहरू चाहिँ मेरा प्रजा हुनेछौं ।" (लेबी २६:११-१२)

शान्तिको निम्ति

हाम्रो देशको बेमेलको कारण हामीलाई परमेश्वरको शान्तिको खाँचो छ । परमेश्वरको शान्ति हाम्रो बीचमा रहेको होस् भनी प्रार्थना गरौं । अहिलेको नयाँ प्रशासकहरूको बीचमा परमेश्वरको शान्ति आओस् भनेर प्रार्थना गरौं । त्यस्तै मण्डली-मण्डलीमा पनि परमेश्वरको शान्ति आओस् भनि प्रार्थना गरौं । "म देशमा शान्ति दिनेछु । तिमीहरू ढल्केर निदाउनेछौं, र तिमीहरूलाई कसैले तर्साउने छैन । म देशबाट हिंसक पशुहरूलाई हटाईदिनेछु, अनि तिमीहरूको देशमा लडाई हुने छैन ।" (लेबी २६:६)

प्रबन्धको निम्ति

हाम्रो देशमा परमेश्वरको प्रबन्ध आओस् भनेर हाम्रो पश्चातापसहित नम्र भएर प्रार्थना गर्नुपर्छ । हामीलाई परमेश्वरबाट बुद्धि चाहिन्छ । हामी स्वार्थ रहनको लागि पनि परमेश्वरको प्रबन्धको खाँचो पर्छ । काम गर्न सक्नेहरूको लागि कामको निम्ति परमेश्वरको प्रबन्धको खाँचो पर्छ । यी कुराहरू परमेश्वरबाट आउँछन् भनी हाम्रा देशका मानिसहरूले थाहा पाउनुपर्छ । भजनसङ्ग्रहको पुस्तकमा यसरी लेखिएको छ, "उहाँको भय मान्नेहरूलाई उहाँले भोजन जुटाउनु हुन्छ अनि आफ्नो करारको सधैं सम्झना

राख्नुहुन्छ । उहाँले आफ्नो प्रजालाई अरू जातिहरूको उत्तराधिकार दिएर आफ्नो कार्यको शक्ति आफ्नो जनलाई देखाउनु भएको छ ।" (भजनसङ्ग्रह १११ : ५-६)

दक्षताको निम्ति

दक्षताको बारेमा प्रस्थानको पुस्तकमा यसरी लेखिएको छ, "मेरो कुरा सुन, म तिमीलाई केही सल्लाह दिन्छु र परमेश्वर तिमी सित रहून् । तिमी चाहिँ परमेश्वरको अघि मानिसहरूका प्रतिनिधि भएर तिनीहरूका मुद्दा उहाँको सामु लैजानू । तिमीले तिनीहरूलाई विधिविधानहरू सिकाउने गर्नू र तिनीहरूले जिउने तरिका र गर्नुपर्ने कर्तव्य तिनीहरूलाई सिकाइदिनू । तर सबै मानिसहरू मध्येबाट परमेश्वरको भय मान्ने, योग्य मानिसहरू चुन । तिनीहरू अनुचित फाइदा घिनाउने इमानदार व्यक्तिहरू होऊन् । तिनीहरूलाई हजार-हजार, सय-सय, पचास-पचास र दस-दस माथि नायक हुनलाई नियुक्त गर । तिनीहरूले हरसमय मानिसहरूका न्यायकर्ता भएर सेवा गरुन् । सबै ठूला-ठूला मुद्दाहरूचाहिँ तिनीहरूले तिम्रो सामु ल्याऊन्, तर साना-साना मुद्दाहरूचाहिँ तिनीहरूले नै इन्साफ गरुन् । यसरी तिमीलाई सजिलो पर्नेछ, किनकि तिनीहरूले पनि तिम्रो भार बाँड्नेछन् । तिमीले यो उपाय गऱ्यौ भनेर परमेश्वरले पनि यही आज्ञा तिमीलाई दिनुभयो भने तिमी टिक्न सक्नेछौ र यो सबै मानिसहरू पनि आफ्नो-आफ्नो घरमा चित्त बुझाएर जानेछन् ।" (प्रस्थान १८ : १९-२३)

हाम्रो सरकार सबै कार्यमा दक्ष हुन आवश्यक छ । हाम्रो देशका मानिसहरू जसले असल काम गर्दैनन् त्यसलाई हेरिरहेका हुन्छन् । हामीलाई हाम्रो देशमा पूर्ण दक्षता भएको कर्मचारीहरूको खाँचो छ । त्यसैले यिनीहरूले परमेश्वरको ज्ञान पाउन सकून् भनेर प्रार्थना गर्नुपर्छ ।

त्यसैकारण हामीले आजको परिस्थितिको निम्ति हाम्रो देश र यहाँ रहनु हुने सम्पूर्ण मानिसहरू, सर्वसाधारणदेखि लिएर उच्च पदस्थहरूको निम्ति ठीक ज्ञान बुद्धि परमेश्वरबाट आउन सकोस् र यिनीहरूले ठिक किसिमबाट मानिसको न्याय गर्न सकून् जो मानिस विनाकारण अन्यायमा परेको छ भने कुनै किसिमको भेदभावरहित न्याय पाउन सकून् । यो देशमा परमेश्वरको सुरक्षाको खाँचो छ, उहाँको उपस्थितिको खाँचो छ साथै उहाँको शान्तिको खाँचो छ, प्रबन्धको खाँचो छ र अन्त्यमा दक्षताको पनि त्यतिकै आवश्य छ, यी सबै हाम्रा जीवित, परमेश्वरले हाम्रो सरकारमा रहेका देशलाई अगाडि बढाउने व्यक्तिहरूलाई ठीक ज्ञान बुद्ध विवेक धन र मन दिनुभएको होस् भनेर दिनदिनै अन्तरबिन्ति प्रार्थना गरौं ।

मुक्तिका पाइला

'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान खीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३)

दु:खले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । 'दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७)

विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार खीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् । 'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ । ... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । ' (प्रेरित २ : ३८ - ४१) HHC, Vol 67 No. 9 (801)

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com